# प्रज्ञा पुरस्कार मापदण्ड तथा कार्यविधि- २०६९

नेपालका भाषा, साहित्य, संस्कृति, सामाजिक शास्त्र तथा दर्शनशास्त्र जस्ता वाङ्मयगत विधाहरूमा प्राज्ञिक एवं सृजनात्मक रूपमा साधनारत रही गहकिलो योगदान पुऱ्याउने र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा नेपाल राष्ट्र एवं नेपाली जातिको गौरव बढाउने प्रतिष्ठित विद्वान्/स्रष्टाहरूलाई पुरस्कृत गरी कदर गर्न साविकको नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट प्रदान गरिँदै आएका प्रज्ञा पुरस्कारलाई युगानुकूल रूपमा रूपान्तरण गरी स्थापित ती पुरस्कारको व्यवस्थापनका निम्ति नेपाल प्रज्ञा-प्रतिष्ठान ऐन २०६४ को दफा २९ बमोजिम यो प्रज्ञा पुरस्कार मापदण्ड तथा कार्यविधि- २०६९ तयार पारिएको छ ।

## १. प्रज्ञा पुरस्कारको नाम र स्वरूप

नेपाल प्रज्ञा-प्रतिष्ठानले भाषा, साहित्य, संस्कृति, सामाजिक शास्त्र र दर्शनशास्त्र जस्ता पाँचवटा वाङ्मयमूलक विधाका साथै समग्र नेपाली वाङ्मय समेतका परम्परामा गहन तथा गरिमामय प्राज्ञिक एवं सृजनात्मक योगदान गर्ने विशिष्ट व्यक्तित्वहरूलाई कदर गर्न पाँच प्रकारका प्रज्ञा पुरस्कारको स्थापना गरेको छ र तिनको नाम र स्वरूप यस प्रकार छ :

क. पृथ्वी प्रज्ञा पुरस्कार हरेक ४ वर्षमा रु. ४ लाख

ख. नेपाल प्रज्ञा पुरस्कार (सामाजिक शास्त्र, संस्कृति र दर्शनशास्त्र) प्रत्येक २ वर्षमा रु. १ लाख

ग. नेपाल प्रज्ञा पुरस्कार (भाषा) प्रत्येक २ वर्षमा रु. १ लाख

घ. नेपाल प्रज्ञा पुरस्कार (नेपाली साहित्य) हरेक १ वर्षमा रु. १ लाख

ङ. नेपाल प्रज्ञा पुरस्कार (मातृभाषा साहित्य) हरेक १ वर्षमा दुई जनालाई जनही रु. ५० हजार

## २. मापदण्ड

नेपाल प्रज्ञा-प्रतिष्ठानबाट प्रदान गरिने उपर्युक्त पाँचवटै प्रज्ञा पुरस्कारका निम्ति व्यक्तित्व छनोटका मापदण्डहरू यस प्रकार निर्धारण गरिएको छ :

क. प्रत्येक चार वर्षमा प्रदान गरिने रु. चार लाखको **पृथ्वी प्रज्ञा पुरस्कार**बाट नेपालभरको सम्पूर्ण वाङ्मयका वरिष्ठतम तथा प्रख्यात साधकलाई पुरस्कृत गरिनेछ । सो साधक नेपालका सम्पूर्ण भाषा, साहित्य, संस्कृति, सामाजिक शास्त्र र दर्शनशास्त्रमध्ये जुनसुकै क्षेत्रको पनि हुनेछ, तर उसको साधना र योगदान राष्ट्र र समाजका लागि उपयोगी हुनु पर्नेछ अनि ऊ नेपालका वाङ्मय क्षेत्रमा सुदीर्घ साधना गर्ने साधकमध्ये वरिष्ठ र प्रसिद्ध हुनु पर्नेछ ।

ख. प्रत्येक दुई वर्षमा प्रदान गरिने रु. एक लाखको **प्रज्ञा पुरस्कार (नेपाली सामाजिक शास्त्र, संस्कृति र दर्शनशास्त्र)** बाट नेपालका सामाजिक शास्त्रीय, पुरातात्विक तथा सांस्कृतिक एवं लोकवार्तापरक र दर्शनशास्त्रीय अध्ययन परम्पराका साधकहरूमध्येका वरिष्ठतम र गहकिलो योगदान गर्ने साधकलाई विषयगत रूपमा यथासम्भव पालैपालो छनोट गरी पुरस्कृत गरिनेछ ।

ग. प्रत्येक दुई वर्षमा प्रदान गरिने रु. एक लाखको **नेपाल प्रज्ञा पुरस्कार (भाषा)** बाट नेपालका नेपाली लगायत सबै भाषाका अध्ययन परम्परामा ध्वनिवैज्ञानिक, रूपतात्विक, वाक्यवैज्ञानिक, अर्थवैज्ञानिक, शब्दकोशीय र परम्परागत व्याकरणात्मक अध्ययन एवं अनुसन्धान गर्ने वरिष्ठतम भाषाशास्त्रीलाई पुरस्कृत गरिनेछ ।

घ. प्रत्येक वर्ष प्रदान गरिने रु. एक लाखको **नेपाल प्रज्ञा पुरस्कार (नेपाली साहित्य)** बाट नेपाली साहित्यका वरिष्ठतम, विख्यात र गुणवत्तापूर्ण योगदान गर्ने विद्वान् स्रष्टालाई पुरस्कृत गरिनेछ ।

ङ. प्रत्येक वर्ष दुई जनालाई जनही रु. पचास हजारका दरले प्रदान गरिने **नेपाल प्रज्ञा पुरस्कार (मातृभाषा साहित्य)** बाट नेपालका नेपाली बाहेकका राष्ट्रभाषा/मातृभाषाका साहित्यिक परम्परामा गहकिलो योगदान गर्ने वरिष्ठतम दुई स्रष्टालाई पुरस्कृत गरिनेछ । यसो गर्दा पहाड/हिमाली क्षेत्रमा बोलिने मातृभाषा तथा तराई मधेसमा बोलिने मातृभाषाका एक एक जना गरी दुई जना मातृभाषी लेखकलाई यो पुरस्कार दिइनेछ ।

## ३. कार्यविधि

उपर्युक्त पुरस्कारका निम्ति व्यक्तित्व छनोट गर्न **नेपाल प्रज्ञा-प्रतिष्ठान नियमावली-२०६७** को नियम ३८ को उपनियम (१) अनुसार कुलपतिले उपकुलपतिको संयोजकत्वमा सम्बन्धित प्राज्ञहरू रहेको पुरस्कार सिफारिस समिति गठन गर्नेछन् । सो समितिले प्राज्ञ परिषद्बाट पारित भएको प्रज्ञा पुरस्कार मापदण्ड तथा कार्यविधिले तोकेको आधारमा सम्बन्धित विषयका विज्ञहरूबाट पनि राय सुझाउ सङ्कलन गरी उपर्युक्त पुरस्कार प्राप्त गर्न सक्ने योग्यतम व्यक्तिको चयन गरी निजको व्यक्तिगत विवरण र निजलाई पुरस्कृत गर्नुपर्ने ठोस पुस्ट्याइँ समेत दिई कुलपतिसमक्ष नाम सिफारिस गर्नेछ ।